जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २९१ | २०८३ साल जेठ २४ गते आईतवार | Sunday-07-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## पन्नादेवी कन्या माविको जग्गा आम्दानी विवादः अध्यक्ष मण्डलद्वारा पत्रकार सम्मेलन, विधालयद्वारा तथ्यहिन समाचारको खण्डन

*शु.आ. सम्बाददाता*
*कलैया, २३ जेठ*



पन्नादेवी कन्या माध्यमिक विद्यालय, कलैयाको नाममा रहेको जग्गाको आम्दानी तथा बक्यौता रकम असुलउपर गर्ने विषयलाई लिएर पछिल्लो समय विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचारप्रति विद्यालय व्यवस्थापन पक्षले आपत्ति जनाएको छ । यसै सन्दर्भमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष अनिल मण्डलले शनिबार बिहान विद्यालय परिसरमै पत्रकार सम्मेलन गरी विद्यालयको जग्गा आम्दानी, बक्यौता असुली प्रक्रिया तथा आफ्नो भूमिकाबारे स्पष्टिकरण दिएका छन् ।

पत्रकार सम्मेलनमा अध्यक्ष मण्डलले विद्यालयको नाममा फत्तेपुर क्षेत्रमा करिब २२ बिघा जग्गा रहेको जानकारी दिँदै उक्त जग्गा जोतभोग गर्दै आएका केही व्यक्तिहरूले वर्षौंदेखि कुतबाली तथा ठेक्का रकम नबुझाएको बताए । उनले विद्यालयको आर्थिक हित संरक्षणका लागि बक्यौता असुलउपर अभियान सञ्चालन गरिएको र त्यसका लागि जिल्ला प्रहरी कार्यालय बारा तथा इलाका प्रहरी कार्यालय सिमरासँग समन्वय गरी कानुनी प्रक्रिया अगाडि बढाइएको जानकारी दिए ।

मण्डलका अनुसार जग्गा जोतभोगकर्ता रामरुप चौधरीले बुझाउनुपर्ने कुतबाली रकम नतिरेपछि इलाका प्रहरी कार्यालय सिमरामा मुद्दा दर्ता भएको थियो । सोही प्रक्रियाअन्तर्गत चौधरी पक्षबाट विद्यालयका लेखापाललाई ३७ हजार ५०० रुपैयाँ नगद बुझाइएको र उक्त रकम विद्यालयको खातामा जम्मा गरिएको बैंक भौचरसमेत पत्रकार सम्मेलनमा सार्वजनिक गरिएको उनले बताए । त्यस्तै सिकिन्द्र सहनीबाट तीन लाख ५७ हजार रुपैयाँ अग्रिम भुक्तानी प्राप्त गरी जग्गाको ठेक्का सम्झौता गरिएको दाबी पनि उनले गरे ।

अध्यक्ष मण्डलले अर्का जग्गा जोताह उपेन्द्र प्रसाद चौधरीलाई गत जेठ १२ गते बक्यौता रकम बुझाउन लिखित पत्र पठाइएको जानकारी दिँदै आपसी सहमतिअनुसार आगामी सोमबार वा मंगलबारसम्म बाँकी रकमको ५० प्रतिशत भुक्तानी गर्ने प्रतिबद्धता जनाइएको बताए । साथै विद्यालय परिसरमा रहेका ११ वटा सटरमध्ये केही व्यवसायीले समेत लामो समयदेखि भाडा तथा बक्यौता नतिरेको उल्लेख गर्दै आवश्यक परे कानुनी प्रक्रिया अगाडि बढाइने चेतावनी दिए ।

पत्रकार सम्मेलनका क्रममा मण्डलले आफू आगामी स्थानीय तह निर्वाचनमा वडा अध्यक्ष पदका लागि उम्मेदवारी दिने तयारीमा रहेको भन्दै राजनीतिक पूर्वाग्रहका कारण आफ्नो चरित्रहत्या गर्ने उद्देश्यले विभिन्न आरोप लगाएर समाचार प्रकाशन गराइएको दाबी गरे

*बाँकी तेश्रो पृष्ठमा*

## चुरे दोहन र जलवायु परिवर्तनको दोहोरो असर : बारामा सुक्दै चापाकल, बढ्दै खानेपानी संकट

*संजय तिवारी*
*बारा, २३ जेठ*




बारा जिल्लाका विभिन्न स्थानीय तहमा भूमिगत पानीको सतह लगातार घट्दै जाँदा खानेपानीको संकट गहिरिँदै गएको छ । जलवायु परिवर्तनका कारण वर्षा प्रणालीमा आएको परिवर्तन, चुरे क्षेत्रको बढ्दो दोहन तथा भूमिगत पानीको अत्यधिक उपयोगका कारण सयौं चापाकल सुक्न थालेपछि स्थानीयवासी पानीको जोहो गर्न संघर्ष गर्न बाध्य भएका छन् ।

जिल्लाको सिम्रौनगढ नगरपालिका, देवताल गाउँपालिका, पचरौता नगरपालिका, सुवर्ण गाउँपालिका, फेटा गाउँपालिका, विश्रामपुर गाउँपालिका, प्रसौनी गाउँपालिका तथा कलैया उपमहानगरपालिका लगायतका क्षेत्रमा वैशाखको दोस्रो सातादेखि नै पानीको अभाव देखिन थालेको स्थानीयहरू बताउँछन् । गर्मीको तीव्रता बढेसँगै समस्या थप विकराल बन्दै गएको छ । पचरौता नगरपालिका-१ का वडाध्यक्ष बिनय सिंहका अनुसार वडाभित्र रहेका अधिकांश चापाकलले पानी दिन छाडेका छन्। "हाम्रो वडाका करिब ८० प्रतिशत चापाकल सुकिसकेका छन् । दैनिक उपभोगका लागि समेत स्थानीयलाई टाढाबाट पानी ल्याउनुपर्ने अवस्था छ," उनले बताए ।

भारतसँग सीमा जोडिएको कलैया उपमहानगरपालिका-१० मटिअर्वामा पनि पानीको समस्या उस्तै छ। स्थानीय समाजसेवी तथा पूर्व वडाध्यक्ष शंकर गुप्ताका अनुसार बस्तीमा रहेका प्रत्येक तीनमध्ये एक चापाकल सुकिसकेको छ। उनले २०७२ सालको भूकम्पपछि भूमिगत पानीको तहमा परिवर्तन देखिन थालेको र त्यसयता समस्या झन् बढ्दै गएको बताए ।

"पहिले सजिलै पानी पाइन्थ्यो, अहिले वर्षेनी चापाकल सुक्ने संख्या बढिरहेको छ । पानीको सतह तल झर्दै गएको स्पष्ट देखिन्छ," उनले भने ।

खानेपानी क्षेत्रका जानकारहरूका अनुसार मधेशमा देखिएको पानी संकटको मुख्य कारण चुरे क्षेत्रको विनाश र भूमिगत जलस्रोतको कमजोर पुनर्भरण हो । चुरे क्षेत्रबाट बगेर आउने वर्षाको पानी जमिनभित्र सञ्चित हुनुपर्नेमा वन फँडानी, नदीजन्य पदार्थको अत्यधिक उत्खनन तथा अव्यवस्थित भौतिक पूर्वाधार निर्माणका कारण प्राकृतिक पुनर्भरण प्रक्रिया प्रभावित भएको उनीहरूको भनाइ छ ।

नेपाल खानेपानी संस्थान कलैयाका प्रमुख सञ्जीव यादवका अनुसार मधेश प्रदेशको अधिकांश भू-जल स्रोत चुरे

*बाँकी तेश्रो पृष्ठमा*

## सीमा नाकामा तस्करी नियन्त्रणमा चुनौती, सुरक्षाकर्मी माथि उठ्दै प्रश्न

*शु.आ. सम्बाददाता*
*कलैया, २३ जेठ*




देशमा सरकार परिवर्तनसँगै प्रशासनिक सुधार, सुशासन र भ्रष्टाचार नियन्त्रणका अपेक्षाहरू बढ्ने गरेका छन् । तर बारा जिल्लाका विभिन्न सीमावर्ती क्षेत्रमा भने अवैध तस्करी र त्यसको नियन्त्रणमा खटिएका सुरक्षा निकायको भूमिकामाथि स्थानीयस्तरमा प्रश्न उठ्न थालेका छन् ।

जिल्लाको बरैनिया, छतवा, सिम्रौनगढ, मुसहर्वा, बलिरामपुरलगायतका सीमावर्ती नाकाहरूबाट अवैध रूपमा विभिन्न सामग्रीको ओसारपसार हुने गरेको स्थानीयवासीको गुनासो छ । चोरी-तस्करी नियन्त्रण तथा सीमाको सुरक्षा गर्ने जिम्मेवारी पाएका नेपाल प्रहरी र सशस्त्र प्रहरीको प्रभावकारी निगरानी नदेखिएको आरोपसमेत स्थानीयले लगाएका छन् ।

सीमावर्ती क्षेत्रका बासिन्दाहरूका अनुसार भारतबाट दैनिक उपभोग्य वस्तु, लत्ताकपडा, किराना सामग्री तथा अन्य सामानहरू अवैध रूपमा भित्रिने क्रम अझै रोकिएको छैन । कतिपय स्थानमा तस्कर समूहहरू निर्भीक रूपमा सक्रिय रहेको र सुरक्षा निकायले कडा निगरानी गर्न नसकेको गुनासो सुनिन थालेको छ ।

स्थानीय नागरिकहरू भन्छन्, "सीमा क्षेत्रमा सुरक्षाकर्मीको उपस्थिति भए पनि तस्करी पूर्ण रूपमा नियन्त्रण हुन सकेको छैन। यसले राज्यको राजस्वमा क्षति पुग्नुका साथै वैध व्यवसायसमेत प्रभावित भएका छन् ।"

तस्करी नियन्त्रणमा खटिएका निकायप्रति जनविश्वास कायम राख्न पारदर्शिता, नियमित अनुगमन तथा प्रभावकारी कारबाही आवश्यक रहेको सरोकारवालाहरू बताउँछन्। यदि कुनै सुरक्षाकर्मी वा कर्मचारी अवैध गतिविधिमा संलग्न रहेको प्रमाणित भएमा उनीहरूमाथि निष्पक्ष छानबिन र कानुनी कारबाही हुनुपर्ने मागसमेत उठिरहेको छ। स्थानीयवासीले सरकार परिवर्तनसँगै प्रशासनिक कार्यशैलीमा सुधार आउने अपेक्षा गरे पनि सीमावर्ती क्षेत्रमा देखिएका समस्याले अपेक्षाअनुसार परिणाम दिन नसकेको टिप्पणी गरेका छन् । उनीहरूका अनुसार सुशासनको प्रत्याभूति दिन सम्बन्धित निकायले सीमाक्षेत्रमा निगरानी बढाउन, तस्करी नियन्त्रणलाई प्रभावकारी बनाउन तथा जनगुनासोको निष्पक्ष सुनुवाइ गर्न आवश्यक छ।

यता सुरक्षा निकायहरूले भने तस्करी नियन्त्रणका लागि नियमित गस्ती, निगरानी तथा कारबाहीका कार्यहरू सञ्चालन भइरहेको दाबी गर्दै आएका छन् । तथापि, सीमावर्ती क्षेत्रका बासिन्दाहरूले देखिने गरी परिणाममुखी काम हुनुपर्नेमा जोड दिएका छन् ।

सीमा सुरक्षा, राजस्व संरक्षण र कानुनी शासनको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायबीच समन्वय, कडा अनुगमन र जवाफदेहिताको आवश्यकता झन् बढ्दै गएको स्थानीयहरूको भनाइ छ।

## बाराभरी विषादीयुक्त आँपको बिगबिगी, उपभोक्ताको स्वास्थ्यमा गम्भीर जोखिम

*शु.आ. सम्बाददाता*
*कलैया, २३ जेठ*



बारा जिल्लाका विभिन्न बजारमा मानव स्वास्थ्यका लागि हानिकारक मानिएको कार्बाइड (क्याल्सियम कार्बाइड) प्रयोग गरेर कृत्रिम रूपमा पकाइएका आँप खुलेआम बिक्री भइरहेको पाइएको छ । प्राकृतिक रूपमा पाक्नुपर्ने समय नपुग्दै बजारमा पहेँलो र आकर्षक देखिने आँप बिक्री हुन थालेपछि उपभोक्ताको स्वास्थ्य सुरक्षामाथि गम्भीर प्रश्न उठेको छ ।

जिल्लाको सदरमुकाम कलैया, जितपुर, सिमरा, निजगढ, महागढीमाई, कोल्हवी, पचरौता तथा अन्य स्थानीय बजारहरूमा यस्ता आँपको बिक्री बढ्दो क्रममा रहेको उपभोक्ताहरूले बताएका छन्। व्यापारिक गोदाम तथा भण्डारण केन्द्रमा काँचो आँपलाई कार्बाइड प्रयोग गरी कृत्रिम रूपमा छिटो पकाएर बजारमा पठाइने गरिएको स्रोतहरूको दाबी छ ।

स्थानीय उपभोक्ताका अनुसार बजारमा बिक्री भइरहेका धेरैजसो आँप बाहिरबाट ल्याइएका काँचो फल हुन्, जसलाई रासायनिक पदार्थको प्रयोग गरी केही दिनमै पाकेको जस्तो बनाइन्छ । बाहिरबाट हेर्दा आकर्षक देखिए पनि यस्ता आँप स्वाद, गुणस्तर र स्वास्थ्यका दृष्टिले जोखिमपूर्ण हुने जानकारहरू बताउँछन् ।

व्यापारीहरूले भारत तथा देशका विभिन्न जिल्लाबाट सस्तो मूल्यमा काँचो आँप खरिद गरी गोदाममा राख्ने र कार्बाइड प्रयोग गरेर पकाएपछि उच्च मूल्यमा बिक्री गर्ने गरेको आरोप लाग्दै आएको छ । बजारमा यस्ता आँप प्रतिकिलो एक सय रुपैयाँदेखि डेढ सय रुपैयाँसम्ममा बिक्री भइरहेको उपभोक्ताहरूको भनाइ छ।

फलफूल व्यवसायसँग सम्बन्धित व्यक्तिहरूका अनुसार आँपको मुख्य सिजन सुरु हुनुअघि नै बजारमा ठूलो परिमाणमा आँप आउन थालेको छ। प्राकृतिक रूपमा पाक्न अझै समय बाँकी रहे पनि कृत्रिम विधिबाट पकाइएका फलफूल बजारमा छ्याप्छ्याप्ती पाइने गरेको उनीहरू स्वीकार गर्छन् ।

स्वास्थ्यकर्मीहरूले भने कार्बाइड प्रयोग गरी पकाइएका फलफूल मानव स्वास्थ्यका लागि अत्यन्त हानिकारक हुने चेतावनी दिएका छन् । चिकित्सकहरूका अनुसार यस्ता फल सेवन गर्दा टाउको दुख्ने, रिंगटा लाग्ने, वाकवाकी हुने, झाडापखाला लाग्ने, श्वासप्रश्वाससम्बन्धी समस्या देखिने तथा दीर्घकालीन रूपमा स्नायु प्रणालीमा समेत असर पर्न सक्ने जोखिम रहन्छ ।

विशेषज्ञहरूका अनुसार क्याल्सियम कार्बाइडबाट निस्कने केही रासायनिक तत्वले शरीरमा विषाक्त असर पुऱ्याउन सक्छ। बालबालिका, ज्येष्ठ नागरिक तथा दीर्घरोगीहरू यस्ता विषादीयुक्त फलफूलबाट झनै बढी प्रभावित हुन सक्ने बताइन्छ ।

नेपालको प्रचलित खाद्य ऐन तथा खाद्य स्वच्छता सम्बन्धी कानुनी व्यवस्थाअनुसार कार्बाइड प्रयोग गरेर फलफूल पकाउनु गैरकानुनी मानिन्छ

*बाँकी तेश्रो पृष्ठमा*

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# सीमा सुरक्षामा विश्वासको संकट

बाराको सीमावर्ती क्षेत्रमा कार्यरत सशस्त्र प्रहरी बलका केही सुरक्षाकर्मीमाथि अवैध असुली र तस्करी गतिविधिलाई संरक्षण दिएको आरोप सार्वजनिक भएपछि फेरि एकपटक सीमा सुरक्षाको प्रभावकारितामाथि प्रश्न उठेको छ । सीमा सुरक्षा र तस्करी नियन्त्रणका लागि राज्यले ठूलो जिम्मेवारी दिएको निकायमाथि यस्ता आरोप लाग्नु सामान्य विषय होइन । यो केवल एक व्यक्ति वा एक कार्यालयसँग जोडिएको विषय मात्र नभई समग्र सुरक्षा प्रणालीको विश्वसनीयतासँग सम्बन्धित प्रश्न हो । नेपाल-भारत खुला सीमाका कारण तस्करी नियन्त्रण सधैं चुनौतीपूर्ण रहँदै आएको छ । यही चुनौतीलाई सामना गर्न सुरक्षाकर्मीहरु दिनरात खटिने गरेका छन् । तर जब तस्करी रोक्न खटिएका निकायमाथि नै संरक्षण र असुलीको आरोप लाग्न थाल्छ, त्यसले आम नागरिकमा निराशा र अविश्वास पैदा गर्छ । सीमावर्ती क्षेत्रका बासिन्दाले वर्षौंदेखि उठाउँदै आएका गुनासाहरुलाई केवल हल्ला वा असन्तुष्टिको अभिव्यक्ति भनेर बेवास्ता गर्न मिल्दैन । अहिले उठेका आरोपहरु सत्य हुन् वा होइनन् भन्ने कुरा प्रमाणित भइसकेको छैन । आरोपको केन्द्रमा रहेका अधिकारीले ती दाबीलाई अस्वीकार गरेका छन् । लोकतान्त्रिक समाजमा कुनै पनि व्यक्तिलाई प्रमाणबिना दोषी ठहर गर्नु उचित हुँदैन । तर आरोप गम्भीर प्रकृतिको भएकाले त्यसलाई खण्डन मात्र गरेर विषय टुंग्याउन पनि सकिँदैन । यस्ता अवस्थामा निष्पक्ष र विश्वसनीय छानबिन नै सत्यसम्म पुग्ने एकमात्र माध्यम हो । सुरक्षा निकायप्रतिको जनविश्वास कुनै पनि राज्यको सबैभन्दा ठूलो पूँजी हो । यदि नागरिकले सुरक्षा निकायलाई निष्पक्ष, इमानदार र जवाफदेही ठान्न छाडे भने कानुनी शासन कमजोर बन्छ । त्यसैले आरोपहरु निराधार भए सम्बन्धित सुरक्षाकर्मीको प्रतिष्ठा जोगिनुपर्छ, तर आरोपमा तथ्य भेटिए दोषीमाथि कडा कारबाही गरेर संस्थाको शुद्धीकरण गर्नुपर्छ ।

सीमावर्ती क्षेत्रमा तस्करी नियन्त्रण, राजस्व संरक्षण र कानुनी शासन कायम राख्ने जिम्मेवारी राज्यको हो । यो जिम्मेवारी पूरा गर्न सुरक्षाकर्मीको इमानदारी मात्र पर्याप्त हुँदैन, प्रभावकारी निगरानी र जवाफदेहिता पनि उत्तिकै आवश्यक हुन्छ । प्रदेश र केन्द्रीय नेतृत्वले यस्ता विषयमा समयमै चासो दिएर तथ्य सार्वजनिक गर्न सके मात्र जनविश्वास बलियो बन्न सक्छ ।

आज आवश्यक कुरा आरोपको पक्ष वा विपक्षमा उभिनु होइन, सत्यको खोजी गर्नु हो । किनभने सीमा सुरक्षाजस्तो संवेदनशील क्षेत्रमा उठेका प्रश्नहरुको उत्तर मौनताले होइन, पारदर्शिता र निष्पक्ष छानबिनले मात्र दिन सक्छ । यही बाटोले सुरक्षा निकायप्रतिको सम्मान र विश्वासलाई दीर्घकालीन रुपमा कायम राख्न मद्दत गर्नेछ ।

# धूमपान : मौन मृत्युको स्रोत



रविप्रसाद बराल

सबैभन्दा महत्वपूर्ण पक्ष भनेको परिवार हो । घरभित्रै सचेतना सुरु भएमात्र समाजमा परिवर्तन सम्भव हुन्छ। अभिभावक स्वयंले तमाखु सेवन त्याग्दा मात्र नयाँ पुस्ताले स्वस्थ जीवनशैली अपनाउने प्रेरणा पाउन सक्छ ।

हरेक वर्ष मे ३१ मा मनाइने 'विश्व धूम्रपानरहित दिवस' तमाखुजन्य पदार्थका घातक असरबारे जनचेतना फैलाउने विश्वव्यापी अभियान हो । सन् १९८७ मा विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले सुरु गरेको यो अभियान आज विश्वव्यापी जनस्वास्थ्य आन्दोलनका रूपमा स्थापित भएको छ। यस दिवसको मुख्य उद्देश्य धूमपान तथा सुर्तीजन्य पदार्थका कारण हुने रोग, अकाल मृत्यु र सामाजिक-आर्थिक क्षतिबारे मानिसलाई सचेत गराउनु हो। साथै युवा पुस्तालाई धूम्रपानबाट टाढा राख्ने, स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने तथा सुर्ती नियन्त्रणसम्बन्धी नीतिलाई प्रभावकारी बनाउने सन्देश पनि यस दिवसले दिँदै आएको छ।

विश्व स्वास्थ्य संगठनले सन् २०२६ का लागि 'आकर्षणको पर्दाफास : निकोटिन र तमाखुको लतविरुद्ध अभियान' भन्ने मूल सन्देश सार्वजनिक गरेको छ। यस अभियानले विशेषगरी युवा पुस्तालाई लक्षित गर्दै तमाखु तथा निकोटिन उद्योगहरूले अपनाइरहेका भ्रामक प्रचार रणनीति, आकर्षक प्रस्तुति र डिजिटल मार्केटिङको पर्दाफास गर्ने उद्देश्य राखेको छ । आज सुर्ती उद्योग केवल चुरोट बिक्रीमा सीमित छैन; आकर्षक स्वाद, रंगीन प्याकेट, सामाजिक सञ्जालमार्फत प्रचार तथा ई-सिगरेट, भेप र निकोटिन पाउचजस्ता नयाँ उत्पादनमार्फत किशोर-किशोरीलाई धूम्रपानको लततर्फ आकर्षित गर्ने प्रयास तीव्र रूपमा बढिरहेको छ ।

सन् २०२६ को विश्व धूम्रपानरहित दिवसले यस्ता भ्रामक प्रचारशैली र उत्पादन रणनीतिविरुद्ध सचेतना अभिवृद्धि गर्न विशेष जोड दिएको छ । आज विश्व समुदायले धूम्रपानलाई केवल स्वास्थ्य समस्यामात्र नभई आर्थिक, सामाजिक र वातावरणीय संकटका रूपमा समेत हेर्न थालेको छ । डब्लूएचओका अनुसार विश्वभर १३ देखि १५ वर्ष उमेरसमूहका करिब ४ करोड किशोर-किशोरी कुनै न कुनै प्रकारको तमाखु प्रयोग गरिरहेका छन् भने १ करोड ५० लाखभन्दा बढी किशोरहरूले ई-सिगरेट प्रयोग गरिरहेका छन् । धेरै देशमा किशोर वयस्कभन्दा औसतमा ९ गुणासम्म बढी भेप प्रयोग गर्छन्। तमाखुले शरीरलाई बिस्तारै रोगग्रस्त बनाउँदै लैजान्छ, त्यसैले यसलाई 'मौन मृत्युको स्रोत' भनिन्छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार हरेक वर्ष विश्वभर ८० लाखभन्दा बढी मानिसको मृत्यु तमाखु सेवनका कारण हुन्छ, जसमध्ये करिब १२ लाख मानिस दोस्रो हातको धुवाँबाट प्रभावित हुने गरेका छन् । हाल विश्वभर करिब १.२ अर्ब मानिस कुनै न कुनै रूपमा सुर्तीजन्य पदार्थ प्रयोग गरिरहेका छन्, जसको ठूलो हिस्सा न्यून तथा मध्यम आय भएका देशहरूमा रहेको छ । धूम्रपानमा सात हजारभन्दा बढी रसायन पाइन्छन्, जसमा ७० भन्दाबढी तत्व क्यान्सर उत्पन्न गर्ने खालका हुन्छन् । यसको सेवनले फोक्सोको क्यान्सर, मुटुरोग, उच्च रक्तचाप, मस्तिष्कघात, दम, क्रोनिक अब्स्ट्रक्टिभ पल्मोनरी डिजिजलगायत श्वासप्रश्वाससम्बन्धी रोग निम्त्याउँछ । धुवाँरहित सुर्तीजन्य पदार्थले मुख, घाँटी, खाना नली, पेट तथा मिर्गौलामा क्यान्सरको जोखिम बढाउँछ ।

विशेषगरी किशोरावस्थामा सुरु भएको धूम्रपानले दीर्घकालीन लत सिर्जना गर्छ । यसले अध्ययन, मानसिक स्वास्थ्य, व्यवहार तथा सामाजिक सम्बन्धमा नकारात्मक असर पार्दछ । गर्भवती महिलाले धूम्रपान गर्दा कम तौलका शिशु जन्मिने, समयअघि जन्मिने तथा शिशुको शारीरिक विकासमा समस्या देखिने सम्भावना बढ्छ। विश्वका धेरै देशले धूम्रपान नियन्त्रणका लागि सार्वजनिक स्थानमा धूम्रपान निषेध, चुरोटका बट्टामा चेतावनीमूलक चित्र, कर वृद्धि तथा विज्ञापन प्रतिबन्धजस्ता नीति लागू गरेका छन् । केही देशमा परम्परागत चुरोट सेवन घट्दै गए पनि अहिले ई-सिगरेट, भेपिङ, निकोटिन पाउच तथा फ्लेभरयुक्त नयाँ उत्पादनहरूले विशेषगरी युवापुस्तालाई आकर्षित गरिरहेका छन् ।

चुरोट, सुर्ती, खैनी, गुटखा तथा पानमसलाको प्रयोग अझै व्यापक रूपमा देखिन्छ । सार्वजनिक स्थल, चिया पसल तथा विद्यालय आसपासमा तमाखुजन्य पदार्थ सहजै उपलब्ध हुनु, धूम्रपानलाई सामान्य व्यवहारका रूपमा लिने सामाजिक प्रवृत्ति, कमजोर कानुनी कार्यान्वयन र चेतनाको अभावले समस्या झन् जटिल बनाएको छ । विशेषगरी युवापुस्तामा रंगीन डिजाइन, मीठा स्वाद र आधुनिक जीवनशैलीको प्रतीकका रूपमा प्रस्तुत गरिने भेप तथा ई-सिगरेटप्रतिको आकर्षण तीव्र रूपमा बढ्दै गएको छ, जसले किशोर-किशोरीलाई निकोटिनको लततर्फ धकेलिरहेको छ । विद्यालय तथा कलेजका विद्यार्थीहरूमा गुट्खा, पानमसला र भेपको बढ्दो प्रयोग अहिले गम्भीर चिन्ताको विषय बनेको छ ।

विश्व स्वास्थ्य संगठन तथा टोवाको एटलासका पछिल्ला तथ्यांकअनुसार नेपालमा हरेक वर्ष करिब २८ हजारभन्दा बढी मानिसको मृत्यु धूम्रपान तथा तमाखु सेवनका कारण हुने गरेको छ। तमाखु सेवनका कारण फोक्सो, मुख, घाँटी र खाना नलीको क्यान्सर, मुटुरोग, पक्षघात तथा श्वासप्रश्वाससम्बन्धी रोग तीव्र रूपमा बढिरहेका छन् । नेपालमा विशेषगरी मुख तथा फोक्सोको क्यान्सरका धेरै घटना सुर्तीजन्य पदार्थ सेवनसँग प्रत्यक्ष रूपमा सम्बन्धित देखिएका छन् । अध्ययनहरूले नेपालमा तमाखुजन्य पदार्थका कारण हुने मृत्यु र रोगको भार अझै उच्च रहेको देखाएका छन् । ग्लोबल बर्डन अफ डिजिजसम्बन्धी अध्ययनअनुसार तमाखुका कारण हुने रोग तथा अकाल मृत्यु नेपालको प्रमुख जनस्वास्थ्य चुनौतीमध्ये एक बनेको छ ।

अहिले नै प्रभावकारी नियन्त्रण, कडा कानुनी कार्यान्वयन, विद्यालयस्तरबाट सचेतना अभियान तथा युवापुस्तालाई लक्षित रोकथाम कार्यक्रम सञ्चालन गर्न सकिएन भने भविष्यमा नेपालले अझ गम्भीर स्वास्थ्य र आर्थिक संकट सामना गर्नुपर्ने चेतावनी विज्ञहरूले दिएका छन् । तमाखु सेवनले मानव स्वास्थ्यमा मात्र होइन, वातावरण र अर्थतन्त्रमा पनि गम्भीर असर पारिरहेको छ। विश्व स्वास्थ्य संगठनका अनुसार विश्वभर हरेक वर्ष करिब ३५ लाख हेक्टर जमिन तमाखु खेतीमा प्रयोग हुने गरेको छ । यसका कारण वन विनाश, माटोको उर्वराशक्ति ह्रास तथा अत्यधिक रासायनिक विषादीको प्रयोग बढिरहेको छ। तमाखु उत्पादन प्रक्रियाले ठूलो मात्रामा पानी र काठको खपत गर्ने भएकाले वातावरणीय सन्तुलनमा समेत नकारात्मक असर परेको छ। विश्वभर हरेक वर्ष करिब ४.५ ट्रिलियनभन्दा बढी चुरोटका ठुटा वातावरणमा फालिने गरेका छन् । प्लास्टिकयुक्त फिल्टर भएका यी ठुटा विश्वकै सबैभन्दा बढी फालिने फोहोरमध्ये एक मानिन्छन् । यिनले नदी, ताल, सडक तथा समुद्री वातावरण प्रदूषित बनाइरहेका छन् । धूम्रपानजन्य रोगको उपचारमा राज्यले ठूलो आर्थिक भार व्यहोर्नुपरेको छ । विश्व स्वास्थ्य संगठनका अनुसार तमाखुका कारण हुने स्वास्थ्य उपचार र उत्पादनशीलतामा हुने क्षतिबाट विश्व अर्थतन्त्रले हरेक वर्ष एक ट्रिलियन अमेरिकी डलरभन्दा बढी नोक्सानी व्यहोर्ने गरेको छ। नेपालमा पनि मुटुरोग, क्यान्सर, श्वासप्रश्वाससम्बन्धी रोग तथा पक्षघातको उपचारमा ठूलो रकम खर्च भइरहेको छ, जसको प्रमुख कारणमध्ये तमाखु सेवन पनि एक हो ।

परिवारको आम्दानीको ठूलो हिस्सा चुरोट, सुर्ती, गुट्खा वा पानमसलामा खर्च हुँदा शिक्षा, पोषण तथा स्वास्थ्यजस्ता आधारभूत आवश्यकतामा प्रत्यक्ष असर पर्ने गरेको छ । विशेषगरी न्यून आय भएका परिवारमा तमाखुले गरिबी र रोगको दुष्चक्रलाई अझ गहिरो बनाइरहेको छ। आज तमाखुलाई केवल स्वास्थ्य समस्यामात्र नभई सामाजिक, आर्थिक र वातावरणीय संकटका रूपमा पनि हेरिन थालेको छ । नेपालमा नेपाल अर्बुद रोग निवारण संस्थाले आफ्ना ४८ शाखामार्फत धूम्रपान तथा सुर्तीजन्य पदार्थ नियन्त्रण अभियानमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। सरोकारवाला निकायसँग सहकार्य गर्दै धूम्रपान नियन्त्रणका लागि चुरोट तथा तमाखुको खुद्रा मूल्यको कम्तीमा ७५ प्रतिशत हिस्सा कर हुनुपर्ने डब्लूएचओको सिफारिस कार्यान्वयन गर्न सरकारलाई दबाब दिँदै आएको छ ।

पछिल्ला वर्षहरूमा संस्थाले डिजिटल प्लेटफर्ममार्फत जनचेतना विस्तार गर्ने, सामाजिक सञ्जाल अभियान सञ्चालन गर्ने, धूम्रपान त्याग गर्न चाहनेहरूका लागि परामर्श तथा सहायता कार्यक्रम सञ्चालन गर्ने कार्यलाई पनि तीव्रता दिएको छ । तमाखुजन्य पदार्थका कारण बढ्दो क्यान्सर जोखिम न्यूनीकरण गर्न जनस्तरमै चेतना अभिवृद्धि आवश्यक रहेको संस्थाले निरन्तर जोड दिँदै आएको छ। तमाखु नियन्त्रण सरकार र सम्पूर्ण समाजको साझा दायित्व हो ।

यसका लागि सार्वजनिक स्थलमा धूम्रपान निषेधको कडाइका साथ कार्यान्वयन, तमाखुजन्य पदार्थमा उच्चकर, आकर्षक प्याकेजिङ र विज्ञापनमा पूर्ण प्रतिबन्ध आवश्यक छ । साथै विद्यालय, कलेज र समुदायमा स्वास्थ्य शिक्षा प्रभावकारी बनाउनुपर्छ तथा युवा पुस्तालाई खेलकुद, सिर्जनात्मक गतिविधि र सकारात्मक जीवनशैलीतर्फ आकर्षित गर्नुपर्छ । धूम्रपान छोड्न चाहने व्यक्तिहरूका लागि परामर्श, चिकित्सकीय सहयोग र मानसिक समर्थन सहज रूपमा उपलब्ध गराउनु पनि उत्तिकै आवश्यक छ ।

सबैभन्दा महत्वपूर्ण पक्ष भनेको परिवार हो । घरभित्रै सचेतना सुरु भएमात्र समाजमा परिवर्तन सम्भव हुन्छ। अभिभावक स्वयंले तमाखु सेवन त्याग्दा मात्र नयाँ पुस्ताले स्वस्थ जीवनशैली अपनाउने प्रेरणा पाउन सक्छ। त्यसैले, 'स्वस्थ परिवार, स्वस्थ समाज' भन्ने सोचलाई व्यवहारमा उतार्नु आजको आवश्यकता हो । तमाखुजन्य पदार्थ मानव स्वास्थ्य, समाज, वातावरण र अर्थतन्त्रका लागि गम्भीर चुनौती बनेको छ ।

आकर्षक प्रचार र आधुनिक उत्पादनमार्फत युवा पुस्तालाई लततर्फ तान्ने प्रयास भइरहेका बेला जनचेतना, प्रभावकारी नीति, शिक्षा र सामाजिक सहभागिता अत्यावश्यक बनेको छ । विश्व धूम्रपानरहित दिवस केवल औपचारिकता होइन; यो तमाखुमुक्त स्वस्थ समाज निर्माणको साझा अभियान हो। त्यसैले आजको दिनमा धूम्रपान नगर्ने प्रण गरौं, अरूलाई पनि प्रेरित गरौं र स्वस्थ भविष्य निर्माणतर्फ अघि बढौं ।

बराल, नेपाल अर्बुद रोग निवारण संस्थाका केन्द्रीय सदस्य हुन् ।




## अन्तराष्ट्रिय समाचार

# ककरोच जनता पार्टीको प्रदर्शनमा सोनम वाङचुकको समर्थन, दिल्लीमा सुरक्षा कडा

**काठमाडौं-** भारतको नयाँ दिल्लीस्थित ऐतिहासिक जन्तरमन्तरमा शनिबार ककरोच जनता पार्टी (सीजेपी) को ब्यानरमा सयौं विद्यार्थीले प्रदर्शन गरेका छन् । विभिन्न परीक्षा तथा सरकारी भर्ना प्रक्रियाहरूमा देखिएका अनियमितताको विरोध र भारतीय शिक्षा प्रणालीमा तत्काल सुधारको माग गर्दै आयोजित यस प्रदर्शनमा प्रसिद्ध शिक्षाविद् तथा अभियन्ता सोनम वाङचुकले पनि ऐक्यबद्धता जनाएका छन् ।

अनलाइन अभियानका रूपमा सुरु भएको यस आन्दोलनलाई सम्बोधन गर्दै वाङचुकले आफूलाई आन्दोलन र प्रदर्शन मन नपर्ने भए पनि न्यायका लागि लडिरहेका विद्यार्थीहरूको पक्षमा उभिन बाध्य भएको बताए । उनले दिल्लीमा शान्तिपूर्ण प्रदर्शन गर्न अनुमति दिएकोमा केन्द्रीय सरकारको प्रशंसा गर्दै देशको शिक्षा प्रणालीमा आमूल परिवर्तनको आवश्यकता औंल्याएका छन् ।

सम्बोधनका क्रममा वाङचुकले एउटा महत्त्वपूर्ण र सर्वपक्षीय सुधारको प्रस्ताव अघि सारेका छन् । राजनेता र कर्मचारीहरूका छोराछोरीले अनिवार्य रूपमा सरकारी शिक्षण संस्थाहरूमा पढ्नुपर्ने धारणा राख्दै उनले यसो भएमा मात्र सरकारी शिक्षाको स्तर सुध्रिने र प्रणालीमा रहेका व्यक्तिहरूले सर्वसाधारण



नागरिकले भोग्नुपरेको समस्या महसुस गर्ने दाबी गरे ।

प्रदर्शनमा सहभागी विद्यार्थीहरूले उनलाई देशको शिक्षामन्त्री बन्न आग्रह गर्दै लगातार नाराबाजी गरे पनि उनले आफ्नो कुनै राजनीतिक महत्वाकांक्षा नरहेको प्रष्ट पारे। युवाहरूले नै देशको जिम्मेवारी लिनुपर्ने भन्दै उनले राजनीतिमा प्रवेश गर्ने कुरालाई पूर्ण रूपमा अस्वीकार गरे ।

यो आन्दोलन विशेष गरी नीट, सीबीएसई), सीयूईटी र एसएससी जस्ता महत्वपूर्ण परीक्षाहरूमा भएका भनिएका धाँधली र अनियमितता विरुद्ध केन्द्रित रहेको छ । ककरोच जनता पार्टीले शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा मागेको छ। ककरोच जनता पार्टीका अनुसार यस्ता परीक्षाका प्रश्नपत्रहरू बाहिरिएपछि तनाव र त्रुटिपूर्ण शिक्षा प्रणालीका कारण विद्यार्थीहरु आत्महत्या गर्न बाध्य भएका छन्। आत्महत्या गर्न बाध्य विद्यार्थीको स्मरणमा प्रदर्शनकारीले श्रद्धाञ्जली अर्पण समेत गरेका छन् ।

मृतक विद्यार्थीहरूको नाम पढेर सुनाइँदा उपस्थित भीडले केही बेर मौनधारण गरेको थियो। आन्दोलनको प्रतीकका रूपमा धेरैजसो सहभागीहरूले ककरोच (साङ्लो) को मास्क लगाएका थिए भने कतिपयको हातमा फूल र भारतीय राष्ट्रिय झण्डा थियो। कलेजका विद्यार्थी र युवाहरूसँगै स्कुले बालबालिका र उनीहरूका अभिभावकहरू पनि ऐक्यबद्धता जनाउन जन्तरमन्तर पुगेका थिए ।

परीक्षामा भएको अनियमितताको जिम्मेवारी लिँदै प्रधानले राजीनामा दिनुपर्ने प्रर्दशनकारीको माग छ । ककरोच जनता पार्टीले सामाजिक सञ्जालमा एक महिनादेखि अभियान चलाउँदा पनि सरकारले माग सम्बोधन गर्नुको साटो आफूहरूको सामाजिक सञ्जालका खाताहरू ह्याक गर्ने र पोस्टहरू हटाउने जस्ता हर्कत गरेको पार्टीका संस्थापक अभिजित दिपकेले आरोप लगाएका छन् ।

आफूहरूलाई मेट्न नसक्ने चेतावनी दिँदै दिपकेले शनिबार बिहान दिल्ली ओलिँदा आफू पक्राउ पर्न सक्ने डर भए पनि देशका युवा र विद्यार्थीहरू कसैसँग नबिक्ने र नझुक्ने दृढता व्यक्त गरेका छन्। प्रदर्शनलाई ध्यानमा राख्दै दिल्ली पुलिसले इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थल, सीमा नाका र अन्य संवेदनशील क्षेत्रहरूमा सुरक्षा व्यवस्था निकै कडा पारेको छ ।

नयाँ दिल्ली क्षेत्रमा मात्रै एक हजारभन्दा बढी प्रहरी परिचालन गरिएको भए पनि आयोजकहरूले प्रदर्शनकारीहरूलाई पूर्ण रूपमा शान्ति र अनुशासन कायम राख्न अपिल गरेका छन् । दिपकेले आफ्ना समर्थकहरूलाई सुरक्षाकर्मीहरूप्रति सद्भाव र कृतज्ञता प्रकट गर्दै फूलहरू उपहार दिन र साथमा पुस्तक तथा राष्ट्रिय झण्डा बोक्न आग्रह गरेका थिए । अभियन्ता सोनम वाङचुकले यसअघि नै यदि दिपकेलाई पक्राउ गरिएमा आफूले ६ हप्ता लामो भोक हडताल गर्ने घोषणा समेत गरिसकेका छन् ।

## घण्टाघर........

व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । रक्तदान गर्नेहरूमा ज्ञान्ती पटेल, पूजा साह, माधुरी महतो, अनिश पटेल, मुनेश पटेल, मुकेश पटेल, आदित्य शर्मा, राकेश साह, दीपेन्द्र पटेल, बीपीएस प्लस कलेजका सञ्चालक दीपक पटेल, स्वच्छ समाज युवा क्लबका अध्यक्ष भूपेन्द्र पटेल, समाजसेवी बृजकिशोर चौधरी, क्रीयाशील युवा पत्रकार मञ्च नेपालका अध्यक्ष आनन्द पटेल, समाजसेवी राजेन्द्र भट्टराई, अरविन्द पटेल, पप्पु साह, प्रताप पटेल, अनुज पटेल, रञ्जय पटेल, विशेष द्विवेदी, जितेन्द्र साह, सुनिल साह, सूर्यप्रताप पटेललगायत रहेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै वक्ताहरूले रगत अभावका कारण कुनै पनि बिरामीले ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले यस्ता अभियानहरू नियमित रूपमा सञ्चालन हुन आवश्यक रहेको बताए। उनीहरूले स्वस्थ व्यक्तिहरूलाई कम्तीमा वर्षमा एकपटक रक्तदान गर्न आग्रह गर्दै सामाजिक उत्तरदायित्वप्रति सचेत बन्नुपर्नेमा जोड दिए ।

नेपाल रेडक्रस सोसाइटी पर्साका अध्यक्ष बृजकिशोर पटेलले रक्तदानले आपत्कालीन अवस्थामा रहेका बिरामीहरूको जीवन बचाउन महत्वपूर्ण भूमिका खेल्ने बताए। उनले समाजमा रक्तदानसम्बन्धी सकारात्मक सन्देश फैलाउन युवाहरूको योगदान उल्लेखनीय रहेको धारणा व्यक्त गरे । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी रेशमकोठी उपशाखाका युवा संयोजक अभिलाष गुप्ताको विशेष उपस्थिति रहेको थियो । कार्यक्रमको प्राविधिक व्यवस्थापन तथा रगत संकलन कार्यमा रेडक्रसकर्मी तथा स्वास्थ्यकर्मीहरूको सक्रिय सहभागिता रहेको आयोजकले जनाएको छ ।

आयोजक संस्था क्रीयाशील युवा पत्रकार मञ्च नेपालले कार्यक्रममा सहभागी सम्पूर्ण रक्तदाता, अतिथि, सहयोगी संस्था तथा स्वयंसेवकहरूप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता सामाजिक तथा मानवीय सेवामूलक कार्यक्रमलाई निरन्तरता दिइने जनाएको छ ।

वक्ताहरूले “रक्तदान नै जीवनदान” भन्ने सन्देशलाई व्यवहारमा उतार्दै समाजमा रक्तदानप्रति सकारात्मक चेतना अभिवृद्धि गर्न सबै पक्षले भूमिका खेल्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रमले मानव सेवा, सामाजिक उत्तरदायित्व र जनचेतना अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याएको सहभागीहरूले बताएका छन् ।


**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
- विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

**प्रसौनी गाउँपालिका**
**प्रसौनी, बारा**



**विश्रामपुर गाउँपालिका**
**विश्रामपुर, बारा**

**जनहितका लागि जारी गरिएको सन्देश**

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाईँसराइँ, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय साशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रसाशकीय अधिकृत



**देवताल गाउँपालिका**
**पिप्राढीगोढ, बारा**



**जनहितका लागि जारी गरिएको सन्देश**

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाईँसराइँ, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय साशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रसाशकीय अधिकृत


## पन्नादेवी..........

। उनले आफू सामाजिक तथा संस्थागत क्षेत्रमा सक्रिय रहेको, विभिन्न वडामा दलित बस्ती निर्माणलगायतका कार्यमा योगदान पुऱ्याएको उल्लेख गर्दै विद्यालय सुधार र आर्थिक पारदर्शिताका लागि आफू प्रतिबद्ध रहेको बताए ।

यसैबीच विद्यालय प्रशासनले पनि एक प्रेस विज्ञप्ति जारी गर्दै मिति २०८३ जेठ २२ गते साझेदारी राष्ट्रिय दैनिकमा प्रकाशित विद्यालयसम्बन्धी समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । विज्ञप्तिमा विद्यालयको जग्गा आम्दानी तथा आर्थिक प्रशासनसम्बन्धी प्रकाशित समाचार अपुष्ट, आधारहीन र तथ्यहीन रहेको दाबी गरिएको छ ।

विद्यालय प्रशासनले बक्यौता रकम रहेका जग्गा जोताह तथा अन्य पक्षहरूसँग रकम असुलउपरका लागि सम्बन्धित निकायमार्फत आवश्यक प्रक्रिया अघि बढिरहेको स्पष्ट पारेको छ । साथै विद्यालयको प्रतिष्ठा र मर्यादामा आँच पुग्ने गरी पुष्टि नभएका समाचार प्रकाशन नगर्न सञ्चारमाध्यम तथा सरोकारवालालाई आग्रह गरिएको छ ।

विद्यालय व्यवस्थापन पक्षले सार्वजनिक गरेको विवरण र प्रेस विज्ञप्तिपछि विद्यालयको जग्गा आम्दानी, बक्यौता असुली तथा आर्थिक प्रशासन सम्बन्धी विषय थप चर्चामा आएको छ । सम्बन्धित पक्षहरूबीचको विवाद तथा आरोप-प्रत्यारोपका बीच विद्यालय प्रशासनले कानुनी प्रक्रियामार्फत बक्यौता रकम असुल गरी संस्थाको आर्थिक अवस्था सुदृढ बनाउन प्रयासरत रहेको जनाएको छ ।

## चुरे.................

क्षेत्रसँग प्रत्यक्ष रूपमा जोडिएको छ। चुरे क्षेत्रको संरक्षण कमजोर बन्दै जाँदा भूमिगत पानीको भण्डारण क्षमता पनि घट्दै गएको उनले बताए ।

उनले दीर्घकालीन अध्ययनबिना सञ्चालन गरिएका गहिरा डिप बोरिङले समेत समस्या बढाएको उल्लेख गरे । “३०० देखि ४०० फिट गहिराइसम्मका बोरिङमार्फत अत्यधिक पानी निकालिँदा उथला तहका चापाकलहरू प्रभावित भएका छन् । एकातिर पानी पुनर्भरणको दर घटेको छ भने अर्कोतिर दोहन बढेको छ,“ यादवले भने । विज्ञहरूका अनुसार समस्या समाधानका लागि वर्षाको पानी संकलन तथा पुनर्भरण कार्यक्रम विस्तार, परम्परागत इनार संरक्षण, चुरे क्षेत्रको प्रभावकारी संरक्षण, भू-जल उपयोगको वैज्ञानिक नियमन तथा विकास निर्माणलाई वातावरणमैत्री बनाउन आवश्यक छ ।

उनीहरूले अहिलेको अवस्था केवल मौसमी समस्या नभई भविष्यमा मधेशले भोग्न सक्ने गम्भीर जल संकटको प्रारम्भिक संकेत भएको बताएका छन् । समयमै प्रभावकारी योजना लागू गर्न नसके बारा लगायत मधेशका धेरै जिल्लामा खानेपानीको अवस्था अझ चुनौतीपूर्ण बन्न सक्ने चेतावनी उनीहरूको छ ।

स्थानीयवासीहरूले भने सरकारले तत्काल राहतका कार्यक्रमसँगै दीर्घकालीन जलस्रोत संरक्षण तथा पुनर्भरण योजनालाई प्राथमिकतामा राख्नुपर्ने माग गरेका छन् । बढ्दो तापक्रम, अनियमित वर्षा र सुक्दै गएका चापाकलहरूले बारामा जलवायु परिवर्तनको असर प्रत्यक्ष रूपमा देखिन थालेको उनीहरूको भनाइ छ।

## बाराभरी.........

। यस्ता कार्यमा संलग्न व्यक्ति वा व्यवसायीलाई जरिवाना, कैद वा दुवै सजायको व्यवस्था रहेको छ । तर कानुनी प्रतिबन्ध हुँदाहुँदै पनि बजारमा विषादीयुक्त आँपको कारोबार नरोकिएको उपभोक्ताहरूको गुनासो छ । स्थानीय उपभोक्ता अधिकारकर्मीहरूले बजार अनुगमन प्रभावकारी नहुँदा व्यापारीहरू निर्भीक रूपमा प्रतिबन्धित रसायन प्रयोग गर्न उत्साहित भएको बताएका छन् । उनीहरूले जिल्लाभरका फलफूल गोदाम, थोक तथा खुद्रा बजारमा तत्काल संयुक्त अनुगमन गरी दोषीमाथि कडा कारबाही गर्न माग गरेका छन् । यता सरोकारवाला निकायहरूले नियमित बजार अनुगमनको दाबी गरे पनि उपभोक्ताहरूले त्यसको प्रभाव देखिन नसकेको बताएका छन्। आँपको मुख्य सिजन सुरु भएसँगै जिल्लाभर बिक्री भइरहेका फलफूलको गुणस्तर परीक्षण, प्रयोगशाला परीक्षण तथा निगरानी बढाउनुपर्ने आवश्यकता औंल्याइएको छ । उपभोक्ताहरूले स्वास्थ्यभन्दा नाफालाई प्राथमिकता दिने प्रवृत्ति नियन्त्रण गर्न स्थानीय प्रशासन, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, कृषि तथा स्वास्थ्य क्षेत्रका निकायहरू सक्रिय हुनुपर्ने बताएका छन्। उनीहरू भन्छन्, “आँपको मिठास खोज्दा विष सेवन गर्नुपर्ने अवस्था आउनु दुःखद हो। उपभोक्ताको स्वास्थ्यसँग खेलवाड गर्नेलाई कडा कारबाही हुनुपर्छ।”

बारा जिल्लाभरि विषादीयुक्त आँपको बिक्रीबारे बढ्दो गुनासोबीच सम्बन्धित निकायले प्रभावकारी अनुगमन र नियन्त्रण नगरे आगामी दिनमा जनस्वास्थ्यमा थप जोखिम बढ्न सक्ने सरोकारवालाहरूको चेतावनी छ ।

## जिराभवानी........

कार्यक्रममा वडा अध्यक्षहरू रामशरण खवास थारु, महादेव महतो थारु, सुरुज राय थारु, राजेश्वर दास थारु तथा वडा नं. ५ का वडा अध्यक्ष दारा सिंह थारुको सहभागिता रहेको थियो ।

त्यसैगरी कार्यपालिका सदस्य सरोज चौरसिया, ऋषि हजरा, गाउँसभा सदस्यहरू, महिला सदस्य रुना माझी, शिक्षा शाखा प्रमुख शिवराज फियावल, नेपाल शिक्षक महासंघका गाउँपालिका अध्यक्ष कृपा चौधरी, प्रधानाध्यापक जितेन्द्र राम, इन्जिनियर रविभूषण पटेल, योजना शाखाका सरोज दास गुप्ता, स्वास्थ्य शाखा प्रमुख अजयकुमार दास थारु, पत्रकार, सुरक्षाकर्मी तथा विभिन्न क्षेत्रका सरोकारवालाहरूको उपस्थिति रहेको थियो । कार्यक्रमको सहजीकरण सामाजिक शाखा प्रमुख जितेन्द्र मिश्रले गरेका थिए। गाउँसभाले पारित गरेको नीति तथा कार्यक्रम र बजेटले गाउँपालिकाको समग्र विकास, सेवा प्रवाहमा सुधार तथा स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने विश्वास व्यक्त गरिएको छ ।

## वडा अध्यक्ष....

जानकारी दिए । विद्यालयको शैक्षिक वातावरण सुधार, स्वास्थ्य सेवाको पहुँच विस्तार तथा कृषकलाई आवश्यक सहयोग उपलब्ध गराउने कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको उनले बताए । लामो समयदेखि रोकिएको आयोजना पुनः सञ्चालनमा आएपछि स्थानीयवासीले समेत खुसी व्यक्त गरेका छन्। आयोजना समयमै सम्पन्न भएमा सितलपुरका नागरिकले पहिलो पटक व्यवस्थित तथा दिगो खानेपानी सेवा प्राप्त गर्ने विश्वास व्यक्त गरेका छन् । स्थानीय सरोकारवालाहरूका अनुसार खानेपानी आयोजनाले केवल खानेपानीको समस्या समाधान मात्र गर्ने नभई जनस्वास्थ्य सुधार, समयको बचत तथा जीवनस्तर उकास्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। निर्माण कार्यको प्रगतिसँगै स्थानीयवासीमा विकासप्रति नयाँ आशा र उत्साह थपिएको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - फतुवा बिजयपुर नगरपालिका, रौतहट

# जिरा भवानी गाउँपालिकाको १७ औं गाउँसभा सम्पन्न, करिब ४० करोडको बजेट पारित

***हरिकिशोर शर्मा***
***पर्सा, २३ जेठ***

पर्साको जिराभवानी गाउँपालिकाको १७औँ गाउँसभा सम्पन्न भएको छ। चालु आर्थिक वर्ष २०८३/८४ का लागि नीति तथा कार्यक्रमसहित ३९ करोड ८८ लाख ८८ हजार ९ सय ८१ रुपैयाँ बराबरको बजेट गाउँसभाबाट पारित गरिएको छ।




गाउँपालिकाको वडा नं. ३ स्थित कृषि भवनको सभाहलमा आयोजित गाउँसभाको उद्घाटन गाउँपालिका अध्यक्ष अनोज चौधरीले गरेका थिए। पर्सा जिल्लामै दोस्रो गाउँसभाका रूपमा सम्पन्न उक्त सभामा गाउँपालिकाको आगामी वर्षको विकास नीति, योजना तथा बजेट प्रस्तुत गरिएको थियो।

गाउँसभामा उपाध्यक्ष रेखा चौधरीको आदेशानुसार प्रमुख प्रशासकीय अधिकृत अमित कुमार गिरिले ३९ करोड ८८ लाख ८८ हजार ९ सय ८१ रुपैयाँ बराबरको अनुमानित बजेट प्रस्तुत गरेका थिए। प्रस्तुत बजेटमा शिक्षा, स्वास्थ्य, कृषि, महिला तथा बालबालिका, पर्यटन तथा भौतिक पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको जनाइएको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष चौधरीले गाउँपालिकाको समग्र विकासका लागि स्वास्थ्य, शिक्षा, कृषि तथा भौतिक पूर्वाधार निर्माणलाई आफ्नो पहिलो प्राथमिकतामा राखिएको बताए। उनले राजनीतिक कारणले गाउँसभा केही ढिला हुन पुगेको स्वीकार गर्दै त्यसबाट विकास निर्माणका काम तथा सेवाग्राहीको कामकाज प्रभावित भएको उल्लेख गरे। "अब गाउँसभा सम्पन्न भइसकेको छ। विकास निर्माणका कामहरूलाई तीव्रता दिइनेछ र जनताका कामहरू छिटो, छरितो तथा प्रभावकारी ढंगले सम्पन्न गरिनेछ," अध्यक्ष चौधरीले भने। उनले गाउँपालिकाको समृद्धि र विकासका लागि सबै पक्षको सहयोग आवश्यक रहेको पनि बताए। त्यसैगरी प्रमुख प्रशासकीय अधिकृत अमित कुमार गिरिले आफ्नो कार्यकालभर इमानदारीपूर्वक सेवा प्रवाह गर्ने प्रतिबद्धता व्यक्त गरे।

उनले गाउँपालिकालाई स्वच्छ, पारदर्शी र समृद्ध स्थानीय तहका रूपमा स्थापित गर्ने लक्ष्यसहित काम गर्ने बताए। "जनताको विश्वास जित्ने गरी सेवा प्रवाह गर्नु हाम्रो दायित्व हो। आगामी दिनमा जिराभवानी गाउँपालिकालाई नमुना स्थानीय तहका रूपमा विकास गर्न सबैसँग सहकार्य गर्दै अघि बढ्नेछौं," उनले भने।

गाउँसभा अध्यक्ष अनोज चौधरीको अध्यक्षतामा सम्पन्न भएको

*बाँकी तेश्रो पृष्ठमा*

# वडा अध्यक्ष संजय यादवको पहलमा सितलपुर खानेपानी आयोजना निर्माणले गति लियो

***रुपेश यादव***
***रौतहट, २३ जेठ***

रौतहटको फतुवा विजयपुर नगरपालिका-२ सितलपुरमा वर्षौंदेखि अलपत्र अवस्थामा रहेको खानेपानी आयोजना निर्माण कार्यले पछिल्लो समय तीव्र गति लिएको छ। स्थानीय जनप्रतिनिधिको सक्रिय पहल र सम्बन्धित निकायको समन्वयपछि आयोजना पुनः निर्माण चरणमा प्रवेश गरेको हो। आयोजना सम्पन्न भएपछि सितलपुरसहित आसपासका क्षेत्रका पाँच हजारभन्दा बढी स्थानीय बासिन्दाले शुद्ध तथा सुरक्षित खानेपानी सेवा प्राप्त गर्ने अपेक्षा गरिएको छ। लामो समयदेखि ह्याण्डपम्प तथा अन्य वैकल्पिक स्रोतको भरमा खानेपानी उपभोग गर्न बाध्य स्थानीयवासीका लागि यो आयोजना निकै महत्वपूर्ण मानिएको छ। खानेपानी उपभोक्ता समितिका अध्यक्ष हरिकिशोर राय यादव (परमानन्द) का अनुसार मधेश प्रदेश सरकार अन्तर्गत खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय रौतहटको ९० लाख रुपैयाँको लागतमा आयोजना निर्माण भइरहेको छ। ठेक्का प्रक्रियामार्फत निर्माणको जिम्मेवारी पाएको सुमित आरपी जेबीले कामलाई तीव्र रूपमा अघि बढाएको छ।




उनका अनुसार आयोजनाअन्तर्गत खानेपानी ट्यांकी निर्माणका लागि आवश्यक पिलर निर्माण कार्य सम्पन्न भइसकेको छ भने अब ओभरहेड ट्यांकी निर्माणको काम सुरु गर्ने तयारी भइरहेको छ। निर्माण कार्य निर्धारित समयमै सम्पन्न भएमा स्थानीय बासिन्दाले घरघरमै स्वच्छ खानेपानी सेवा पाउनेछन्।

वडा नं. २ का वडा अध्यक्ष अनिरुद्ध प्रसाद यादव (संजय) ले आफू निर्वाचित भएदेखि नै वडाको समग्र विकासलाई प्राथमिकतामा राखेर काम गर्दै आएको बताए। उनले वर्षौंदेखि रोकिएको खानेपानी आयोजना सम्पन्न गराउन प्रदेश सरकार तथा सम्बन्धित निकायसँग निरन्तर पहल, समन्वय र दबाबमूलक भूमिका निर्वाह गरेको उल्लेख गरे। "खानेपानी नागरिकको आधारभूत आवश्यकता हो। यस आयोजनाको निर्माण सम्पन्न भएपछि हजारौं स्थानीय प्रत्यक्ष लाभान्वित हुनेछन्। स्वच्छ खानेपानीको पहुँचले जनस्वास्थ्य सुधार गर्नुका साथै नागरिकको दैनिक जीवनलाई सहज बनाउनेछ," वडा अध्यक्ष यादवले भने। उनले आफ्नो कार्यकालमा खानेपानी क्षेत्रसँगै शिक्षा, स्वास्थ्य, कृषि तथा पूर्वाधार विकासका क्षेत्रमा पनि विभिन्न योजनाहरू सञ्चालन भइरहेको

*बाँकी तेश्रो पृष्ठमा*

# घण्टाघर चौकमा बृहत् रक्तदान कार्यक्रम सम्पन्न, ३ महिलासहित ६० जनाले गरे रक्तदान

***पवन प्रसाद साह***
***वीरगंज, २३ जेठ***

मानव जीवन बचाउन तथा रगतको अभाव न्यूनीकरण गर्ने उद्देश्यले वीरगञ्जको घण्टाघर चौकमा आयोजित बृहत् खुला रक्तदान कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। क्रीयाशील युवा पत्रकार मञ्च नेपालद्वारा आयोजित कार्यक्रममा ३ महिलासहित ६० जनाले रक्तदान गरेका छन्।




कार्यक्रममा विभिन्न क्षेत्रका युवा, समाजसेवी, पत्रकार, व्यवसायी तथा सर्वसाधारणको उत्साहजनक सहभागिता रहेको थियो। रक्तदाताहरूले रक्तदानलाई मानवताको सबैभन्दा ठूलो सेवा भन्दै नियमित रूपमा रक्तदान अभियानमा सहभागी हुनुपर्ने आवश्यकता औँल्याएका थिए। क्रीयाशील युवा पत्रकार मञ्च नेपालका अध्यक्ष आनन्द पटेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनाल प्रमुख अतिथिका रूपमा उपस्थित थिए। त्यसैगरी नेपाल रेडक्रस सोसाइटी पर्साका अध्यक्ष बृजकिशोर पटेल, दीपक पटेल, सौरभराज पाण्डे, बृजेश चौधरीलगायत विभिन्न क्षेत्रका विशिष्ट

*बाँकी तेश्रो पृष्ठमा*

# जन्मदिनमा सामाजिक सेवा : ८६ दलित बालबालिकालाई विद्यालय झोला वितरण

***राजन कुमार बानियाँ***
***पर्सा, २३ जेठ***

जन्मदिनलाई सामाजिक उत्तरदायित्वसँग जोड्दै अमेरिकामा बसोबास गर्दै आएका प्रकाश आचार्य र रितु आचार्यका सुपुत्र रोकन आचार्यको आठौं जन्मोत्सवको अवसरमा पर्साको सखुवाप्रसौनी गाउँपालिका-३ कौवाबनस्थित मुसहर बस्तीका ८६ जना दलित तथा सीमान्तकृत बालबालिकालाई विद्यालय झोला वितरण गरिएको छ।




पिसफोर दलितस फाउन्डेसन नेपालद्वारा सञ्चालित सामुदायिक निःशुल्क ट्युसन कक्षा तथा सिकाइ सुधार केन्द्रमा अध्ययनरत बालबालिकाका लागि आचार्य परिवारले ३७ हजार ७८० रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराएको फाउन्डेसनले जनाएको छ।

सिन्धुली जिल्लाको दुधौली नगरपालिका-४ पाखाटोल डकाहाका स्वर्गीय ठाकुरप्रसाद आचार्य र एमुना आचार्यका नाति तथा हाल अमेरिकामा बसोबास गर्दै आएका प्रकाश आचार्य र रितु आचार्य परिवारले विगत केही वर्षदेखि पर्साका दलित तथा विपन्न बालबालिकाका लागि शैक्षिक सामग्री, कापी-कलम, जुत्ता, झोला वितरण तथा भोजन कार्यक्रम सञ्चालन गर्दै आएका छन्।

सामाजिक उत्तरदायित्वलाई आत्मसात् गर्दै आयोजित कार्यक्रममा बालबालिकालाई विद्यालय झोला हस्तान्तरण गरिएको थियो। झोला प्राप्त गरेपछि बालबालिकाले खुसी व्यक्त गर्दै यस्ता सहयोगले विद्यालयप्रति थप आकर्षण र अध्ययनमा उत्साह बढेको बताएका थिए। कार्यक्रममा सहभागी अभिभावक तथा स्थानीयवासीले जन्मदिनजस्ता व्यक्तिगत खुसीका अवसरलाई सामाजिक सेवासँग जोड्नु अनुकरणीय कार्य भएको बताएका छन्। उनीहरूले यस्ता गतिविधिले विपन्न तथा दलित समुदायका बालबालिकालाई शिक्षातर्फ प्रेरित गर्ने र उनीहरूको शैक्षिक यात्रालाई सहज बनाउने विश्वास व्यक्त गरे।

आयोजकका अनुसार विद्यालय झोला वितरण केवल सामग्री हस्तान्तरण मात्र नभई दलित तथा सीमान्तकृत बालबालिकाको शिक्षा, आत्मविश्वास र उज्ज्वल भविष्य निर्माणमा गरिएको महत्वपूर्ण लगानी हो। आर्थिक रूपमा कमजोर परिवारका बालबालिकाले आधारभूत शैक्षिक सामग्रीको अभाव झेलिरहेको अवस्थामा यस्ता कार्यक्रमले गुणस्तरीय शिक्षामा पहुँच विस्तार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

कार्यक्रमका वक्ताहरूले शिक्षा नै सामाजिक तथा आर्थिक रूपान्तरणको प्रमुख आधार भएकाले दलित तथा सीमान्तकृत बालबालिकाको शिक्षामा सबै क्षेत्रबाट सहयोग आवश्यक रहेको बताए। विद्यालय झोला वितरणले बालबालिकाको आत्मविश्वास वृद्धि हुनुका साथै अभिभावकमाथिको आर्थिक भारसमेत कम हुने विश्वास व्यक्त गरिएको थियो।

आचार्य परिवारले जन्मदिनमा अनावश्यक खर्च गर्ने परम्पराभन्दा सामाजिक सेवामूलक कार्यमा योगदान दिनु बढी अर्थपूर्ण हुने उल्लेख गर्दै आगामी दिनमा पनि शिक्षा, बालअधिकार तथा सामाजिक सेवाका क्षेत्रमा निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

कार्यक्रमको सहजीकरण पिसफोर दलितस फाउन्डेसन नेपालका अध्यक्ष तथा सामाजिक अभियन्ता मनोज रामले गरेका थिए। कार्यक्रममा फाउन्डेसनका सदस्य विनोद कुमार राम, दलित अभिभावक संघकी उर्मिला देवी मुसहर, शिक्षक तारकेश्वर राम, स्थानीय दलित महिला तथा अभिभावकहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

स्थानीय समुदायले जन्मदिनलाई मानव सेवा र शिक्षाको अभियानसँग जोड्ने यस्ता कार्यले समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गर्दै "जन्मदिन मनाउने सबैभन्दा सुन्दर तरिका भनेको अरूको जीवनमा खुसी बाँड्नु हो" भन्ने सन्देशका साथ कार्यक्रम सम्पन्न भएको जनाएको छ।

**सार्वजनिक सूचना**

**योगशीला हस्पिटल प्रा.लि आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्वन्धि**

**सार्वजनिक सूचना**

(प्रकाशन मिति :- २०८३/०२/२४)

मधेश प्रदेश, वारा जिल्ला, कलैया उपमहानगरपालिका वडा नं. ०६ मा योगशीला हस्पिटल प्रा.लि आयोजना द्वारा निम्न वमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | | |
|---|---|---|
| १ | प्रस्तावकको नाम र ठेगाना | योगशीला हस्पिटल प्रा.लि<br>कलैया उपमहानगरपालिका वडा नं.०६,<br>फोन नं :- ......................................<br>ईमेल :- ...................................... |
| २ | प्रस्तावको व्यहोरा | स्वास्थ्य सेवा |
| ३ | प्रभाव पर्न सक्ने उप महानगरपालिका | कलैया उपमहानगरपालिका वडा नं.०६, कलैया, वारा |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको कलैया उप महानगरपालिका वडा नं.०६ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | योगशीला हस्पिटल प्रा.लि<br>कलैया उपमहानगरपालिका वडा नं.०६,<br>फोन नं :- 053-590111, 9865017916, 9818571555<br>ईमेल :- hospitalyogsheela@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | मोइरा इन्जिनियरिंग कन्सल्टेन्सी<br>ठेगाना : मुर्ली, वीरगंज, पर्सा<br>फोन नं-: ९८६०२६३८२७<br>ईमेल : moiraengineering19@gmail.com |

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - फेटा गाउँपालिका, बारा